नेपाल सरकार
**गृह मन्त्रालय**
# कारागार व्यवस्थापन विभाग
# कालिकास्थान, काठमाण्डौ

नेपाल सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग
कालिकास्थान, काठमाडौं
२०५०

पत्र संख्या : ०८२/८३
चलानी नम्बर :

मिति:२०८२।०६।२६

## सिलवन्दी दरभाउपत्र आह्वान सम्वन्धि सुचना

यस विभागको लागि आ.व. २०८२/८३ को वांकी अवधिका लागि आवश्यक पर्ने कार्यालय तथा मसलन्द र छपाई सम्वन्धि सामान खरिद तथा आपुर्ति कार्य सिलवन्दी दरभाउपत्रको माध्यमवाट गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित शर्तहरु वमोजिम सामान आपुर्ति गर्न इच्छुक फर्म, उधोग,कम्पनी, सप्लायर्सहरुवाट देहाय वमोजिमका शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।

| दरभाउपत्र नं | खरिद कार्यको विवरण | सिलवन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | सिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति | सिलवन्दी दरभाउपत्र खोल्ने मिति ,समय र स्थान | लागत अनुमान( मु.अ.कर वाहेक) | दरभाउपत्र को जमानत रकम |
|---|---|---|---|---|---|---|
| ०१। ०८२। ०८३ | कार्यालय तथा मसलन्द र छपाई सम्वन्धि सामान आपुर्ति | २०८२। ०७।०९ कार्यालय समय भित्र | २०८२।०७।११ दिनको१२.०० वजे भित्र | २०८२।०७ ।११ दिनको २.०० वजे विभागको कार्यालय भवन कालिकास्थान, काठमाण्डौ । | १३५५८९७.७५ | ४०००० |

१ उपरोक्त सिलवन्दी दरभाउपत्रमा सहभागी हुन इच्छुक फर्म, उधोग. कम्पनी सप्लायर्सहरुले चालु आ.व. ०८२।०८३ सम्म नविकरण गरेको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मु अ कर दर्ता प्रमाणपत्र र आ व ०८१।०८२को करचुक्ता प्रमाणपत्र वा सो नभए कर विवरण पेश गरेको पत्र वा सो को लागि म्याद थप भएको पत्रको नोटरी पव्लिकवाट प्रमाणित प्रतिलिपिहरु संलग्न राखी रु १,०००।००( पछि फिर्ता नहुने गरी) तिरी यस विभागवाट सिलवन्दी दरभाउपत्र खरिद गर्न सकिने छ ।

शाखा अधिकृत

नेपाल सरकार
**गृह मन्त्रालय**
# कारागार व्यवस्थापन विभाग
## कालिकास्थान, काठमाण्डौ

पत्र संख्या : ०८२/८३
चलानी नम्बर :

२ सिलवन्दी दरभाउपत्र पेश गर्दा माथि उल्लेखित जमानत वरावरको नगद धरौटी वा ७५ पचहत्तर दिन मान्य अवधि भएको दरभाउपत्र जमानत( विडवण्ड) वापत नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त वाणिज्य वैंकवाट जारी गरिएको वैंक ग्यारण्टी पेश गर्नुपर्नेछ । नगदै धरौटी राख्दा देहाय वमोजिमको धरौटी खातामा रकम जम्मा गरेको सक्कलै वैंक भौचर सिलवन्दी दरभाउपत्र साथ संलग्न गर्नुपर्ने छ ।

<u>धरौटी रकम जम्मा गर्ने खाता सम्वन्धि विवरण</u>

| | |
|---|---|
| वैंक खाता नं | १२०१२००००१००२५२४ धरौटी |
| वैंकको नाम | नेपाल राष्ट्र वैक थापाथली, काठमाण्डौ |
| कार्यालयको नाम | को.ले.नि.का.ववरमहल, काठमाण्डौ |
| कार्यालय कोड नं | ३१४०२३५०१ कारागार व्यवस्थापन विभाग |

३ दरभाउपत्र फाराम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा गरिने छ ।

४ सिलवन्दी दरभाउपत्रहरु माथि उल्लेखित मिति, समय र स्थानमा उपस्थित दरभाउपत्रदाताहरु वा निजहरुको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा(दरभाउपत्रदाता । प्रतिनिधि उपस्थित नभए पनि) यस विभागमा खोलिने छ।

५ दरभाउपत्र फराममा प्रस्तावित रकम अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

६ रीत नपुगेको म्याद नाघी वा शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन ।

७ दरभाउपत्र पेश गर्दा सिलवन्दी गरी सहिछाप गरेर पेश गर्नुपर्नेछ अन्यथा दरभाउपत्र मान्य हुने छैन ।

८ दरभाउपत्रमा लेखिएका कुनै दर सच्चाइएको, फेरवदल गरिएको ,थपिएको भएमा सो स्थानमा फर्मको आधिकारिक व्यक्ति वा तोकिएको प्रतिनिधिवाट हस्ताक्षर गरी छाप लगाइएको हुनुपर्नेछ अन्यथा दरभाउपत्र रद्द गर्न सकिने छ ।

शाखा अधिकृत

नेपाल सरकार

**गृह मन्त्रालय**

# कारागार व्यवस्थापन विभाग

## कालिकास्थान, काठमाण्डौ

नेपाल सरकार गृह मन्त्रालय कारागार व्यवस्थापन विभाग कालिकास्थान, काठमाडौं २०५०

पत्र संख्या : ०८२/८३
चलानी नम्बर :

९ दरभाउपत्रमा इकाइ मुल्य र परिमाणको गुणनफलमा फरक पर्न गएमा इकाइ मुल्यलाई आधार मानी तुलनात्मक विवरण तयार गरिनेछ ।

१० कुनै पनि कारण जनाई वा नजनाई सम्पुर्ण वा आंशिक रुपमा दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस विभागमा निहित रहनेछ ।

११ यस सुचनामा उल्लेख गरिए वाहेक अन्य कुराहरु सार्वजनिक खरिद एन २०६३ र सार्वजनिक खरिद नियावली २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

१२ दरभाउपत्र सम्वन्धि थप जानकारीको लागि यस विभागको वेवसाइट dopm.gov.np मा हेर्न वा यस विभागको आर्थिक प्रशासन / खरिद इकाई शाखामा वुझ्न सकिने छ ।

.................
शाखा अधिकृत